# डुङ्गेश्वर गाउँपालिका

डाँडापराजुल दैलेख

कर्णाली प्रदेश नेपाल

# आ.व. २०८२/०८३ को बजेट तथा कार्यक्रम

गाउँपालिका उपाध्यक्ष श्री कलावती न्यौपानेद्वारा

डुङ्गेश्वर गाउँपालिकाको गाउँ सभाको १७ औं अधिवेशनमा प्रस्तुत

# बजेट वक्तव्य

पेश गरिएको मितिः२०८२ असार १० गते मंगलबार

पारित मितिः२०८२ असार १० गते

श्रद्धेय सभा अध्यक्षज्यू,
गाउँ सभा सचिवज्यू,
गाउँ सभाका सदस्यज्यूहरु,
उपस्थित कर्मचारीज्यूहरु,

डुङ्गेश्वर गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३ को अनुमानित आय, व्यय यस गरिमामय गाउँ सभामा प्रस्तुत गर्न पाउँदा आफूलाई निकै भाग्यमानी महसुस गरेको छु ।व्यवस्था परिवर्तनका लागि विभिन्न कालखण्डमा विरगती प्राप्त गर्नुहुने महान सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । त्यस्तै घाइते, अपाङ्ग तथा वेपत्ता पारिएका व्यक्ति र उहाँहरुको परिवारप्रति उच्च सम्मान र सहानुभुति प्रकट गर्न चाहन्छु। निर्वाचनको माध्यमबाट हामीलाई डुङ्गेश्वर गाउँपालिकाको नेतृत्वदायी भूमिकामा पुऱ्याउन योग्दान गर्नुहुने मतदाता तथा सम्पूर्ण डुङ्गेश्वर बासीहरुमा आभार व्यक्त गर्दछु । संविधान र संघीयता कार्यान्वयनको क्रममा संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय तह गठन पश्चात स्थानीय तहहरुले आफ्नो आगामी आर्थिक वर्षको अनुमानित आय, व्यय र राजश्वको प्रक्षेपण गर्नुपर्ने संवैधानिक र कानूनी व्यवस्था अनुरुप गाउँ सभाको १७ औ अधिवेशनमा डुङ्गेश्वर गाउँपालिकाको बजेट तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु ।

"सुशासन र सर्वपक्षीय रूपान्तरणका लागि दिगो पूर्वाधारः समाजवाद उन्मुख, सुखी पालिकाबासी र समृद्ध डुङ्गेश्वरको मूल आधार" भन्ने नारालाई आत्मसात गर्दै संविधानको मर्म र भावना अनुसार जनताको सबै भन्दा नजिकको सरकार स्थानीय सरकार भएकोले आम नागरिकहरुको गाउँपालिका प्रति विकास र सेवा प्रवाहको अपेक्षा धेरै हुनु स्वभाविक नै हो । सीमित स्रोत साधन र न्यून आन्तरिक स्रोतबाट जनताका असीमिति आवश्यकता पूरा गर्न चुनौतिपूर्ण रहेको छ ।

सभाअध्यक्ष महोदय,
मैले यो बजेट तथा कार्यक्रम तर्जुमा गर्दा देहाय बमोजिमका नीति तथा कानूनहरुलाई बजेट तर्जुमाका आधारहरुको रुपमा लिएको छुः

**समग्र नीति तथा आधारहरुः**

१. नेपालको संविधान,
२. स्थानीय सरकार सञ्चालन ऐन २०७४,
३. संघ प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७,
४. नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन,
५. संघीय सरकार, प्रदेश सरकार र डुङ्गेश्वर गाउँपालिकाको दोस्रो आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरू,
६. संघीय सरकार र प्रदेश सरकारले अवलम्वन गरेका आर्थिक तथा वित्तीय नीतिहरू,
७. नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा व्यक्त गरेका प्रतिबद्धताहरू,
८. नेपालले लिएका दीगो विकास लक्ष्यहरू,
९. गाउँपालिकामा रहेका विभिन्न विषयगत क्षेत्रले अवलम्वन गरेका नीतिहरू,
१०. जनताका तत्कालिन आवश्यकता र अति आवश्यक देखिएका अन्य विषयहरू,
११. सरोकारवालाहरुबाट प्राप्त सल्लाह सुझाबहरु,

**सभाअध्यक्ष महोदयः**

अब म चालु आर्थिक वर्ष २०८१/०८२ को समीक्षात्मक प्रगति प्रस्तुत गर्न चाहन्छु। गत गाउँ सभाबाट स्वीकृत चालु आ.व. २०८१/०८२ को नीति, बजेट योजना तथा कार्यक्रमका आधारमा यस गाउँपालिकाले २०८२ असार ९ गतेसम्म गरेका कामहरुको संक्षेपमा समिक्षा गर्ने अनुमति चाहन्छु ।

वित्तिय तर्फः
डुङ्गेश्वर गाउँपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ का लागि डुङ्गेश्वर गाउँपालिकाको गाउँ सभाको १५ औं अधिवेशनबाट प्रस्तावित कुल बजेट ४१ करोड ४१ लाख ७२ हजार १ सय ७४ रुपैयाँ मध्ये चालु आर्थिक वर्षको हालसम्मको संघीय सरकारवाट, प्रदेश सरकारवाट र आन्तरिक आय रु. ३६ करोड २७ लाख ६८ हजार २ सय २९

प्रतिशतमा ८७.४६ निकासा भएकोमा चालु तर्फ रु २२ करोड २५ लाख ५२ हजार ३ सय २५ खर्च भई ७४.९१ प्रतिशत र पुँजीगत तर्फ रु ७ करोड ९९ लाख २१ हजार ६ सय ८ खर्च भई ६७.९४ प्रतिशत खर्च भएको छ ।

**शिक्षा,युवा तथा खेलकुद तर्फः**

- विद्यालयमा सञ्चालित तह र विद्यार्थी संख्याका आधारमा माध्यमिक तहमा १ दरबन्दी थप, सामुदायिक विद्यालयमा अध्ययनरत १०९३ जना प्रारम्भिक उमेर समूहका बालबालिकाहरुमा अपाङ्गताको प्रारम्भिक पहिचान, पालिकास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड तथा अध्यक्षकप सम्पन्न भएको छ।
- १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना निर्माण, कक्षा १-८ स्थानीय पाठ्यक्रम निर्माण, कक्षा १-४ सम्मको स्थानीय पाठ्यपुस्तकको मस्यौदा तयारी भएको छ।
- REAL Plan कार्यान्वयनको लागि २९ जना शिक्षकहरुलाई तालिम, २१ जना IT स्रोत शिक्षकहरुका लागि तालिम, २५ जना शिक्षकहरुलाई एकीकृत पाठ्यक्रम सम्बन्धी कस्टमाइज्ड तालिम प्रदान गरिएको छ ।
- प्रविणता प्रमाणपत्र तह वा सो सरहको तहमा प्राविधिक शिक्षा अध्ययनरत ११ जना र ९ जना विज्ञान विषय अध्ययनरत विद्यार्थीहरुलाई उपाध्यक्ष छात्रवृत्ति कार्यक्रम मार्फत छात्रवृत्ति वितरण, अनाथ तथा अपाङ्गता भएका विद्यार्थीहरुको लागि शैक्षिक सामाग्री सहायता तथा नियमित प्रधानाध्यापक बैठक सञ्चालन गरिएको छ।

**स्वास्थ्य सेवा तर्फः**

- ८ वटा स्वास्थ्य संस्थाहरुबाट नियमित रुपमा स्वास्थ्य सेवा प्रदान गरिएको छ ।
- मोतिविन्दु शिविरबाट छनौट भएका बिरामिहरु नि:शुल्क शल्यक्रिया गर्ने कार्य गरिएको जम्मा २६ जनाको शल्यक्रिया गरिएको छ।
- गाउँपालिका भित्र रहेका एच.आई.भि तथा क्षयरोगी बिरामीहरुको नि:शुल्क स्वास्थ्य परिक्षण तथा पोषण व्यवस्थापन १५ जनालाई सेवा प्रदान गरिएको छ।
- क्षयरोगको जोखिमपूर्ण समुदायमा क्षयरोग खोजपड्ताल शिविर ३० जनालाई सेवा प्रदान गरिएको छ।
- गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्नका लागि यस पालिका अन्तर्गतका स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुलाई क्षमता अभिवृद्धि गर्ने कार्य गरिएको छ ।
- नियमित रुपमा सुत्केरी महिलाहरुका लागि यातायात खर्च र गर्भवती प्रोत्साहन बापतको रकम १०० जनालाई उपलब्ध गराएको छ।
- आकस्मिक औषधिहरु नियमित रुपमा उपलब्ध गराईएको।
- विपन्न नागरिक औषधी उपचार कोष निर्देशिका अनुसार सिफारिस कार्य ३० जनालाई गरिएको छ ।
- ग्रामिण अल्ट्रासाउड गभर्वति महिलाहरुलाई भिडियो x-ray शिविर त्रैमासिक रुपमा संचालन ६८ जनाको गरिएको छ।
- पाठेघरको मुख क्यान्सर विरुद्ध HPV खोप १०-१४ बर्ष विधालय नजाने किशोरीहरु र कक्षा ६-१० सम्म विधालय जाने किशोरी ८०० जनालाई HPV खोप प्रदान गरिएको छ।
- नि:शुल्क रुपमा सबै गर्भवति महिलाहरुलाई क्याल्सियम चंकी ११० जना वितरण गरिएको छ ।
- पाठेघर मुखको क्यान्सरको जाँच तथा आङ्ग खस्ने शिविरमा १९७ जनालाई सेवा प्रदान गरिएको छ ।
- गाउँपालिका भित्र बसोबास गर्ने ४० बर्ष भन्दा माथिका सबै नागरिकहरुलाई नि: शुल्क स्वास्थ्य परिक्षण ( मधुमेह ,उच्चरक्तचाँप, मृगौलाको जाँच) को २९२० जनालाई जाँच गरिएको छ।

**प्रशासन तर्फः**

- प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण शाखाको शाखा प्रमुखसँग कार्यसम्पादन सम्झौता गरी दैनिक सेवा प्रवाहलाई थप व्यवस्थित तथा प्रभावकारी बनाइएको छ । भने डुङ्गेश्वर गाउँपालिकाको रिक्त पदमा नियमानुसार प्रदेश लोकसेवा आयोगमा विज्ञापनका लागि माग गरिएको छ। साथै करार सेवाबाट पदपूर्ति गर्ने पदमा विज्ञापन गरी समयमा परीक्षा सञ्चालन गरी कार्यालयबाट प्रदान गरिने सेवालाई चुस्त दुरूस्त राखिएको छ।

**सूचना प्रविधि तर्फः**

- अनलाइन प्रणाली मार्फत गाउँपालिका र वडास्तरबाट नियमित सेवा प्रवाह भइरहेको छ ।

- गाउँ कार्यपालिकाको कार्यालय, सबै वडा कार्यालय, स्वास्थ्य संस्थाहरू र ६ वटा माध्यामिक विद्यालयहरुकमा इ-हाजिरी नियमित रुपमा संचालन भएको, योजना सफ्टवेयर, वडा सिफारिस संघ संस्था दर्ता सफ्टवेयर लागू गरी डिजिटल पालिका बनाउने अभियानलाई जोड दिइएको छ ।
- स्थानीय तह संस्थागत क्षमता स्व–मूल्याङ्कन (LISA), स्थानीय तह वीत्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA), स्थानीय आर्थिक विकास मूल्याङ्कन (LED) वित्तीय आयोगको कार्य सम्पादन सूचक अनलाइन पोर्टल तथा अन्य अनलाइन प्रणालीहरुको मूल्याङ्नलाई व्यवस्थित गर्दै उत्कृट नतिजामुखि भएको छ ।

**सामाजिक सुरक्षा तथा पञ्जीकरण तर्फः**

- आ.व.२०८१/०८२ मा २९५४ जना लाभग्राहीको नवीकरण, ४३२ जना नयाँ लाभग्राहीको दर्ता गरी बार्षिक लाभग्राहीको संख्या ३३ सय ८६ कायम हुन आएको छ । यस आर्थिक बर्षमा ३५३ जनाको लगतकट्टा गरिएको छ । हालसम्म सामाजिक सुरक्षा भत्ता अन्तर्गत यस आर्थिक वर्षमा रू.७ करोड ३४ लाख ९ हजार ५ सय ७४ रुपैयाँ विद्युतीय भुक्तानी प्रणाली (EFT) मार्फत लाभग्राहीको बैंक खातामा सामाजिक सुरक्षा भत्ता जम्मा गरिएको छ।
- आर्थिक वर्ष २०८१/०८२ मा जन्मदर्ता ४८१ जना, मृत्युदर्ता १५१ जना, विवाहदर्ता २४१ वटा, सम्वन्ध विच्छेददर्ता १७ वटा, बसाईंसराइ गरी आएका दर्ता संख्या १४ वटा बसाईंसरी अन्यत्र भएका दर्ता संख्या ४४ जम्मा ९४८ वटा व्यक्तिगत घटना दर्ता भएका छन् ।

**योजना तथा अनुगमन पूर्वाधार विकास शाखाः**

- कुल योजना १०३ मध्ये सम्झौता भएका कुल योजना १०१ वटा, कार्यसम्पन्न ६५ वटा र कार्यसम्पन्न हुन बाँकी ३४ वटा योजना रहेका छन् ।

**रोजगार सेवा तर्फः**

- चालु आर्थिक वर्षमा रोजगार सेवा केन्द्र मार्फत प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ जम्मा १२ वटा र मुख्यमन्त्री रोजगार कार्यक्रम तर्फ ६ वटा गरी जम्मा १८ वटा रोजगार आयोजनाहरु संचालनका लागि सम्झौता भएकोमा हाल सम्म प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका ७ वटा र मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका सबै योजनाहरु सम्पन्न भईसकेका छन्। बाकि योजनाहरु पनि कार्य सम्पन्न भई भुक्तानीको प्रक्रियामा रहेका छन्। यसरी चालु आ.व. मा रोजगार सेवा केन्द्र मार्फत जम्मा २६७ जनाले आंशिक तथा न्यूनतम रोजगारी प्राप्त गर्नेछन्। साथै यस सेवा केन्द्रबाट २४ जनाको पुन श्रमस्वीकृतीको लागि आवश्यक सहजिकरण गरियो।

**कृषि विकास तर्फः**

- आम कृषकहरुको उच्च मनोबल राख्न र कृषि पेशालाई समाजको आकर्षक, मर्यादित एवम् सम्मानित पेशाको रुपमा स्थापित गर्न यस गाउँपालिका भित्रका १८ जना उत्कृष्ट, कर्मठ एवम् व्यावसयिक कृषकलाई प्रोत्साहन स्वरूप पुरस्कृत गरिएको छ।
- कृषि प्रसार, खाध्य सुरक्षा तथा पोषण सुधार सहयोग कार्यक्रम अन्तर्गत गाउँपालिका भित्रका कृषकहरुलाई काँक्रा, करेला, जुकेनी र चुकन्दर लगायतका तरकारी बालीको उन्नत बीउ मिनिकीटको रुपमा वितरण गरिएको छ।
- च्याउ उत्पादन कार्यक्रम अन्तर्गत १५०० प्याकेट च्याउको बीउ तथा च्याउको डल्ला बनाउने प्लाष्टिक र खाद्यान्न बाली मूल बीउ कार्यक्रम अन्तर्गत धान बालीको मूल बीउ (खुमल-१०:३०० र खुमल-१६:९०० के.जी.) गाउँपालिकाका कृषकहरुलाई वितरण गरिएको छ।
- कृषक तथा कृषि समूहलाई कृषि उत्पादन, प्रविधि प्रसार, रोग निदान, बाली संरक्षण लगायतका विषयमा जानकारी दिनका लागि स्थलगत घुम्ती तालिम संचालन गरिएको छ।
- कृषकहरुको खेतबारीमा देखा परेका विभिन्न रोग र हानिकारक किराहरुको नियन्त्रणको लागि विषादी (ढुसीनासक, किटनाशक) र मोहनी पाशो कृषकहरुलाई वितरण गरिएको छ।साथै गाउँपालिकाको वडा नं २, गुयली र वडा नं ०५ पोखरीपाटामा अलैंची पकेट स्थापना भएको छ ।

**पशुपंक्षी विकास तर्फः**

- नियमित रूपमा ८८६५ वटा पशुपंक्षीको उपचार गरिएको, १५००० वटा बाख्रालाई पि.पि.आर.खोप, २००० कुखुरामा रानीखेत खोप, २६०० पशुहरुमा खोरेत खोप र ४४८ कुकुरहरुमा रेविज रोग विरुद्धको खोप लगाइएको छ। साथै १३२ वटा गाई र भैंसीमा कृतिम गर्भाधान गरिएको छ।

- नियमित रुपमा घाँस विकासको कार्यक्रम सञ्चालन भएको साथै वडा न. ४ मा एउटा मुर्रा क्रस जातको राँगो वितरण गरिएको छ।

**राजस्व शाखाः**

- आ.व.२०८१/०८२ मा हालसम्म गाउँपालिका केन्द्र र ६ वटै वडा कार्यालयबाट रू.५० लाख ७७ हजार १ सय ३४ रूपैंया १७ पैसा राजस्व संकलन भएको छ।

**न्यायिक समितिः**

- आ.व.२०८१/०८२ मा न्यायिक समितिमा जम्मा २ वटा उजुरी दर्ता भएको र त्यसमध्ये एउटा उजुरी मिलापत्र भइसकेको तथा अर्को माथिल्लो निकायमा गएको छ।

**महिला,बालबालिका तथा जेष्ठ नागरिक तर्फः**

- आ.व.२०८१/०८२ मा अपाङ्गता भएका १० जना र जेष्ठ नागरिक ७ जनालाई परिचयपत्र वितरण गरिएको छ। साथै बैंक खाता जीवन भरिको सुरक्षा कार्यक्रम अन्तर्गत जम्मा ७३ जनालाई सिफारिस गरिएको छ।
- यस शाखाबाट विभिन्न दिवसीय र सचेतना मुलक कार्यक्रम सञ्चालन गरिएको छ ।

**उद्यम विकास तर्फः**

- आर्थिक वर्ष २०८१/०८२ मा २० वटा नवीकरण, ५ वटा पुँजीवृद्धि, १० खारेजी, १ वटाको ठाउँ सारी, ६ वटा बाणिज्य तर्फ, ११ वटा लघु उद्यम तर्फ दर्ता, २ वटा सामुहि व्यवस्था दर्ता गरियो ।

**सभाअध्यक्ष महोदय,**

**गाउँ सभाका सदस्यज्यूहरु,**

अब म आर्थिक वर्ष २०८२/०८३ बजेट तथा कार्यक्रमका उद्देश्य तथा प्राथामिकता यस गरिमामय गाउँ सभामा पेश गर्ने अनुमति चाहन्छु ।

**उद्देश्यहरुः**

- उत्पादन र उत्पादकत्व वृद्धि गरी डुङ्गेश्वर गाउँपालिकाको उच्च र दिगो आर्थिक वृद्धि हासिल गर्ने,
- गाउँपालिकामा उपलब्ध स्रोत, साधन, श्रम, पुँजी, प्रविधिको प्रयोग एवम् परिचालन मार्फत रोजगारी सिर्जना र गरिवी निवारण गर्ने,
- संघ र प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा विकास निर्माणका क्रियाकलापहरु संचालन गरी समृद्ध डुङ्गेश्वर निर्माण गर्ने,
- सार्वजनिक खर्चको प्रभावकारीतामा अभिवृद्धि गर्ने,

बजेटका प्राथामिकताहरु निम्नानुसार रहनेछनः

- कृषि क्षेत्रको सुधार तथा रुपान्तरण,
- उत्पादन र उत्पादकत्व वृद्धि,
- रोजगारी सिर्जना र गरिबी निवारण,
- स्थानीय आर्थिक र सामाजिक विकास,
- मानव संसाधन, पूर्वाधारको विकास र पूँजी निर्माण,
- सुशासन र प्रभावकारी सेवा प्रवाह,
- नागरिकमैत्री शासन र सेवामा सरलीकरण,

**सभा अध्यक्ष महोदय,**

नेपालको संविधान जारी भएपछि मुलुकमा संघीयता कार्यान्वयन भई स्थानीय तहलाई प्रभावकारी रुपमा सञ्चालन र व्यवस्थापन गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ ले निर्देशित गरे बमोजिम डुङ्गेश्वर गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को बजेट पेश गर्ने अनुमति चाहन्छु ।

डुङ्गेश्वर गाउँपालिका अन्तर्गत तपसिल बमोजिमका ऐनहरु स्वीकृति गरि कार्यान्वनमा ल्याईनेछ।

**तपशिलः**

- डुङ्गेश्वर गाउँपालिकाको विनियोजन ऐन, २०८२
- डुङ्गेश्वर गाउँपालिकाको आर्थिक ऐन, २०८२

**सभा अध्यक्ष महोदय,**

**गाउँ सभा सदस्यज्यूहरु,**

आर्थिक वर्ष २०८२/०८३ को अनुमानित बजेट **कुल ४१ करोड ८१ लाख ७२ हजार ९ सय ७३ रुपैया** विनियोजन गरेको छ । जसको विस्तृत अनुमानित आय बजेट **अनुसूची-१** मा राखिएको छ ।

**अब म आर्थिक वर्ष २०८२/०८३ मा संचालन गरिने मुख्य मुख्य क्रियाकलापहरुको को अनुमानित व्ययको विवरण पेश गर्ने अनुमति चाहान्छु ।**

- संघीय सरकार, प्रदेश सरकार, आन्तरिक श्रोत तथा मौज्दात अन्तर्गत डुङ्गेश्वर गाउँपालिकामा वित्तीय हस्तान्तरण भई आएको बजेटबाट विभिन्न क्षेत्रहरुमा बाँडफाँड गरेको छु । जसको विस्तृत विवरण **अनुसूची-२** मा उल्लेख गरिएको छ ।
- वडाहरुको पुँजीगत विकास गर्नको लागि बजेट रकम रु **२ करोड ७० लाख** रकम विनियोजन गरेको छु । जसको विस्तृत विवरण **अनुसूची-३** मा समावेश छ ।
- वडाहरुको चालुतर्फ बजेट रकम **रु ४९ लाख ५० हजार** विनियोजन गरेको छु । जसको विस्तृत विवरण **अनुसूची-४** मा समावेश गरिएको छ ।
- डुङ्गेश्वर गाउँपालिका अन्तर्गत विभिन्न आयोजनाहरुमा लागत सहभागिता साझेदारी जुटाउन समपूरक कोषका लागि **रु. ३ करोड** बजेट विनियोजन गरेको छु।
    - गाउँपालिका भित्र रहेका सडकहरु स्तरोन्नति, सरसफाई, नयाँ सडकको निर्माण, विपद्को समयमा प्रयोग तथा अन्य राजश्व वृद्धि गर्नका लागि Backhoe Loader मेसिन खरिदको लागि **४५ लाख** बजेट विनियोजन गरेको छु । र Backhoe Loader मेसिन संचालन गर्नको लागि इन्धनको लागि रुकम रु १५ लाख विनियोजन गरेको छु ।
- डुङ्गेश्वर गाउँपालिका अध्यक्ष कोष संचालन कार्यविधि २०७६ को अधिनमा रही कार्यक्रमहरु तथा योजना सम्पन्न गर्नका लागी **रु. ४० लाख** बजेट विनियोजन गरी अध्यक्ष विकास कोषलाई निरन्तरता दिएको छु । साथै कोषको क्षेत्रगत बाँडफाँड **अनुसूचि-५** मा राखिएको छ ।
- आर्थिक वर्ष २०८२/०८३ मा जलवायु परिवर्तन अनुकूलन परियोजना (LACC) बाट साझेदारीमा संचालन गरिने कार्यक्रमको लागि रकम रु ३ करोड ५० हजार विनियोजन गरेको छु जसबाट संचालन हुने कार्यक्रमहरु अनुसूचि–८ मा राखिएको छ ।

**सभा अध्यक्ष महोदय,**

**गाउँ सभाका सदस्यज्युहरु,**

अब म क्षेत्रगत रुपमा आर्थिक वर्ष २०८२/०८३ का लागि क्षेत्रगत रुपमा विनियोजन गरेको बजेट तथा कार्यक्रम पेश गर्ने अनुमति चाहन्छु ।

**आर्थिक विकास क्षेत्र**

**कृषि तथा पशुपंक्षी विकास तर्फः**

- कृषक व्यवसायिक बनाउन तरकारी बाली, पकेट विकास कार्यक्रम आलुबाली पकेट कार्यक्रम, बाख्रा पालन पकेट कार्यक्रम, विभिन्न साझेदार निकाय सँगको साझेदारितामा प्रभावकारी बनाइने छ ।कृषिमा विउ वितरण तथा अन्य विभिन् कृषि सम्बन्धि कार्यक्रम संचालन गरी उत्पादकत्ममा जोड दिई आधुनिकीकरण यान्त्रिकीकरण विविधिकरण, कृषकलाई बिउ वितरण बजारीकरण गरिनेछ । कृषि तथा पशु विमा कार्यक्रमहरु साथै अन्य कृषि विकास क्षेत्रलाई विकास गर्नको लागि **रु. १३ लाख** बजेट विनियोजन गरेको छु ।
- पशु विकास अन्तर्गत नियमित औषधि खरिद, घाँस विकास कार्यक्रम, स्थलगत तालिम, पशु स्वास्थ्य शिविर, औषधी खरिद तथा वितरण, नस्ल सुधार कार्यक्रम, आकस्मिक उपचार लगायत जस्ता कार्यक्रमहरुको लागि पशुपंक्षी विकास तर्फ **रु. १३ लाख** बजेट विनियोजन गरेको छु ।

**सामाजिक विकास तर्फः**

**शिक्षा, युवा तथा खेलकुद विकास तर्फः**

- डुङ्गेश्वर गाउँपालिकाको शिक्षा क्षेत्रको समग्र विकासका लागी **रु १८ लाख** विनियोजन गरेको छु ।
- डुङ्गेश्वर गाउँपालिकाको युवाहरुको लागि राष्ट्रपति रनिङ्ग शिल्ड कार्यक्रमका लागि **रु ८ लाख** विनियोजन गरेको छु ।

- विज्ञान विषय तथा प्राविधिक शिक्षा अध्ययनरत गरिब तथा जेहेन्दार विद्यार्थीहरुका लागि उपाध्यक्ष छात्रवृति कार्यक्रम संचालन गर्न **रु ८ लाख** विनियोजन गरेको छु ।

**स्वास्थ्य सेवा तर्फः**

- गर्भवती जाँच र खोप कार्यक्रमलाई घुम्ती स्वास्थ्य शिविर मार्फत सेवा प्रदान गरिने व्यवस्था मिलाइएको छ । गर्भवती तथा सुत्केरी महिलाहरुलाई निःशुल्क क्याल्सियम उपलब्ध गराइनेछ ।
- सामुदायिक महिला स्वास्थ्य स्वयंसेवीहरुलाई विगत देखि दिदैं आएको खाजा खर्चलाई निरन्तरता दिएको छु । र सामुदायिक महिला स्वास्थ्य स्वमसेवीहरुको लागि अवकास कोषलाई निरन्तरता दिदै सोको लागि **रु १ लाख** विनियोजन गरेको छु ।
- डुङ्गेश्वर गाउँपालिकाको स्वास्थ्य क्षेत्रको समग्र विकासको लागि **रु १८ लाख** विनियोजन गरेको छु ।

**खानेपानी तथा सरसफाइः**

- पालिका भित्र रहेका सबै मुहानहरुको खानेपानी गुणस्तर परीक्षणका लागि पालिका स्तरीय ल्याबलाई स्रोत साधन सम्पन्न गराई सेवा प्रदान गरिनेछ साथै गाउँपालिका सबै वडाहरुलाई विभिन्न साझेदारी निकायहरुको सहकार्यमा पूर्ण सरसफाई उन्मूख वडा घोषणा कार्यक्रमहरु संचालन गरिनेछ ।

**वातावरण तथा विपद व्यवस्थापनः**

- डुङ्गेश्वर गाउँपालिकामा वातावरण तथा विपद व्यवस्थापन गर्नका लागि विपद व्यवस्थापन कोषमा **रु ३ लाख** र राहत तथा आर्थिक सहयोगको लागि **रु ६ लाख** बजेट विनियोजन गरेको छु ।

**विपन्न लक्षित वर्ग कार्यक्रम तर्फः**

- विपन्न महिला सम्बन्धी कार्यक्रम, महिला तथा बालबालिका कोष, विपन्न वालबालिका सम्बन्धी कार्यक्रम, दलित, अल्पसंख्यक वर्ग उत्थान कार्यक्रम, आदिवासी जनजाती सम्बन्धी कार्यक्रम, अनाथ बालबालिका लक्षित कार्यक्रम, फरक क्षमता भएका व्यक्तिहरुलाई उपलब्धीमूलक कार्यक्रम संचालन गर्नका लागि लक्षित वर्ग कार्यक्रममा **रु १८ लाख** बजेट विनियोजन गरेको छु ।
- डुङ्गेश्वर गाउँपालिकामा भाषा कला संगित प्रवर्द्धनसँग सम्बन्धी कार्यक्रमको लागि **रु. ३ लाख** रकम बजेट विनियोजन गरेको छु ।

**लैंगिक समानता तथा सामाजिक समावेशीकरण तर्फः**

- डुङ्गेश्वर गाउँपालकाको लक्षित वर्ग कार्यक्रम, महिला सशक्तिकरण जेष्ठ नागरिक एकल महिला अपाङ्गता भएका व्यक्तिहरुलाई शिविर संचालन गरी अपाङ्गगता भएका व्यक्तिहरुलाइ परिचय पत्र वितरण, मर्यादित महिनावारी प्रवर्द्धन छाउपडी, सामाजिक कुरिति बिरुद्ध सचेतनामुलक कार्यक्रम, महिला जनप्रतिनिधि र सरोकारवाला निकायहरुका लागी महिलाका कानूनी अधिकार सम्बन्धी तालिम तथा गोष्ठी संचालन गरिनेछ ।
- डुङ्गेश्वर गाउँपालिका क्षेत्रमा विषयगत क्षेत्र कार्यक्रम अन्तर्गत महिला विकास तथा सशक्तिकरण कार्यक्रमको लागि **रु ५ लाख** बजेट विनियोजन गरेको छु ।
- अपाङ्गता व्यवस्थापन खर्चको लागि **१ लाख ५० हजार** बजेट विनियोजन गरेको छु ।
- डुङ्गेश्वर गाउँपालिकाको विभिन्न दिवशीय कार्यक्रम संचालन गर्नको लागि **४ लाख** बजेट विनियोजन गरेको छु ।
- ५५ वर्ष माथिका एकल पुरूष र अदालतबाट सम्बन्ध विच्छेद भएका तथा ४० वर्ष माथिका एकल महिलाहरूलाई दोहोरो नपर्ने गरी मासिक एकल भत्ता रकम रु. ५,०० (पाँच सय) दिदै आएकोमा रकम रु. ५०० (पाँच सय) वृद्धि गरी मासिक रकम रु. १००० (एक हजार) दिने कार्यक्रमलाई निरन्तरता दिनको रु **३ लाख** बजेट विनियोजन गरेको छु ।

**पूर्वाधार विकासः**

- डुङ्गेश्वर गाउँपालिकामा नियमित रुपमा सडक मर्मत तथा सम्भारका लागि पिटौलीहरुलाई निरन्तरता को लागि **रु ६ लाख** विनियोजन गरेको छु ।
- डुङ्गेश्वर गाउँपालिका अन्तर्गत भविष्यमा संचालित आयोजनाहरुको विस्तृत परियोजना तथा वातावरणीय प्रभाव मूल्यांकन गर्नका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

**सूचना प्रविधि तथा विद्युतिय शासनः**

- गाउँपालिका तथा गाउँपालिका अन्तरगतका सरकारी निकायबाट प्रदान गरिने सेवा प्रवाहलाई छिटो छरितो विश्वसनिय गुणस्तरीय र प्रविधिमैत्री बनाउन सूचना प्रविधिको प्रयोगलाई बढवा दिइनेछ ।यसका लागी गाउँपालिकालाइ प्रविधि मैत्रि बनाउनको लागि विभिन्न किसिमका सफ्टोयर तथा अन्य प्रविधि सम्बन्धी कार्यक्रमहरु लागि **रु ५ लाख** विनियोजन गरेको छु ।

**सामाजिका सुरक्षा तथा पञ्जीकरण तर्फः**

राष्ट्रिय परिचय पत्र सहित बायोमेट्रक भेरिफिकेशन, पञ्जीकरण र सामाजिक सुरक्षा सम्बन्धित कर्मचारीहरुलाई तालिम तथा बाँकी रहेका घटना दर्ता किताबहरुको डिजिटाइजेशनको लागि **रु ३ लाख** बजेट विनियोजन गरेको छु ।

**सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रः**

- मानव संशाधन विकास तर्फ क्षमता अभिवृद्धि र बृत्तिविकासको लागि आवश्यक रकम  विनियोजन गरेको छु ।
- डुङ्गेश्वर गाउँपालिका अन्तर्गतका प्रहरी चौकीहरुले शान्ति सुरक्षा तथा व्यवस्थापनका लागि **रु ४ लाख** विनियोजन गरेको छु ।

**न्यायिक विकास तर्फः**

- न्यायिक समितिका सदस्य तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न तालिम, गोष्ठी, मेलमिलापकर्ताहरुको पुनर्ताजकी तालिम, मेलमिलाप केन्द्र अनुगमन तथा व्यवस्थापन र गाउँपालिकामा ईजलास व्यवस्थापन गरिनेछ ।
- डुङ्गेश्वर गाउँपालिकामा न्यायिक क्षेत्रको विकास को लागि **रु. ४ लाख** बजेट विनियोजन गरको छु ।
- डुङ्गेश्वर गाउँपालिका कर्मचारीहरुको निवृत्तिभरण कोषकल्याण कोष र कर्मचारी कल्याण कोषको लागि **रु. २ लाख** विनियोजन गरेको छु ।

**जनप्रतिनिधि, कर्मचारी तथा कार्यालय व्यवस्थापन तर्फः**

- डुङ्गेश्वर गाउँपालिकाका जनप्रतिनिधिको आगामी आ.व. २०८२/०८३ को सेवा सुविधाको लागि आवश्यक रकम विनियोजन गरेको छु । डुङ्गेश्वर गाउँपालिकाका सम्पूर्ण (स्थायी, अस्थायी, करार र ज्यालादारीमा कार्यरत) कर्मचारी तथा गाउँपालिका अनुदान शिक्षक र कर्मचारीहरुको आगामी आ.ब. २०८२/०८३ को तलब भत्ता खर्चको लागि आवश्यक रकम विनियोजन गरेको छु । यसको विस्तृत विवरण **अनुसुचि-६** मा समावेश गरिएको छ ।

**सभा अध्यक्ष महोदय,**

अब म नेपाल सरकार तथा कर्णाली प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रमहरु पेश गर्न अनुमति चाहन्छु ।

- डुङ्गेश्वर गाउँपालिकालाई कर्णाली प्रदेश सरकार सर्सत अनुदानबाट **रु ४ करोड ९८ लाख ९७ हजार** बराबरको योजना तथा कार्यक्रमहरु हस्तान्तरित भई प्राप्त भएका छन । उक्त बजेटमा समावेश भएका योजना तथा कार्यक्रमहरुलाई **अनुसूची-७** मा विस्तृत रुपमा समावेश गरिएको छ ।
- डुङ्गेश्वर गाउँपालिकालाई नेपाल सरकारको सर्सत अनुदानबाट १६ करोड ७३ लाख बराबरको योजना तथा कार्यक्रमहरु हस्तान्तरित भई प्राप्त भएका छन । उक्त बजेटमा समावेश भएका योजना तथा कार्यक्रमहरुलाई **अनुसूची-९** मा विस्तृत रुपमा प्रस्तुत गरिएको छ ।
- संघीय सरकार, प्रदेश सरकार, आन्तरिक श्रोत तथा मौज्दात परामर्श सेवा अन्तर्गत डुङ्गेश्वर गाउँपालिकामा वित्तीय हस्तान्तरण भई आएको रकमबाट चालु खर्च तर्फको २९ करोड २० लाख व्यय हुने अनुमान गरि बजेट बिनियोजन गरेको छु । जसमा कुल बजेटको ६४.४३ प्रतिशत हुन आउँछ ।
- संघीय सरकार, प्रदेश सरकार, आन्तरिक श्रोत तथा मौज्दात परामर्श सेवा अन्तर्गत डुङ्गेश्वर गाउँपालिकामा वित्तीय हस्तान्तरण भई आएको रकमबाट पूँजीगत खर्च तर्फको १६ करोड ११ लाख ७२ हजार ९ सय ५३ व्यय हुने अनुमान गरि बजेट बिनियोजन गरेको छु । जसमा कुल बजेटको ३५.५७ प्रतिशत हुन आउँछ ।
- डुङ्गेश्वर गाउँपालिकालाई संघीय सरकार, प्रदेश सरकार, आन्तरिक श्रोत, मौज्जात परामर्श सेवा तथा अन्य कार्यक्रमबाट समेत गरी कुल बजेट रु ४५ करोड ३१ लाख ७२ हजार ९ सय ५३ रुपैया व्यय हुने यस गरिमामय गाउँ सभामा अनुमान गरि बजेट बिनियोजन गरेको छु ।

अन्तमा प्रस्तुत बजेट तथा कार्यक्रम तयारीका क्रममा सल्लाह, सुझाव र योगदान गर्नु हुने संघीय प्रतिनिधी सभाका सांसदज्यूहरु र प्रदेश सभाका माननीय मन्त्रीज्यू, प्रदेश सभाका माननीय सदस्यज्यूहरु, गाउँपालिका अध्यक्षज्यू, सम्पुर्ण वडाध्यक्षज्यूहरु, गाउँ कार्यपालिका सदस्यज्यूहरु, गाउँ सभा सदस्यज्यूहरु, बिषयगत समितिका संयोजक तथा सदस्यज्यूहरु,

स्थानीय राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, नागरिक समाज, सञ्चारकर्मी, गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधि ज्यूहरु, कर्मचारी मित्रहरु, सम्पूर्ण सरोकारवाला तथा डुङ्गेश्वरबासीहरु प्रति हृदयदेखि आभार र कृतज्ञता प्रकट गर्दछु ।

धन्यवाद ।

कलावती न्यौपाने
उपाध्यक्ष
डुङ्गेश्वर गाउँपालिका दैलेख ।

| | | | |
|---|---|---|---|
| **अनूसूची-१** | | | |
| **आर्थिक वर्ष २०८२/०८३ को अनुमानित आय बजेट** | | | |
| | | **बजेट** | **कैफियत** |
| **संघिय सरकार** | वित्तीय समानिकरण अनुदान | ८२८००००० | |
| | ससर्त अनुदान (चालु) | १६३२००००० | |
| | ससर्त अनुदान (पुँजी) | ४१००००० | |
| | विशेष अनुदान | ८९००००० | |
| | समपूरक अनुदान | ८२००००० | |
| | राजस्व बाँडफाड | ७५७००००० | |
| **प्रदेश सरकार** | वित्तीय समानिकरण अनुदान | ९९३६००० | |
| | ससर्त अनुदान (चालु) | १३९७००० | |
| | ससर्त अनुदान (पुजीगत) | १९५००००० | |
| | विशेष अनुदान | ९०००००० | |
| | समपूरक अनुदान | २००००००० | |
| | राजस्व बाँडफाड | १५००२२३ | |
| **स्थानीय तह** | आन्तरिक स्रोत | ३८००००० | |
| | मौज्दात अनुमानित अल्या | १०१३९७३० | |
| | जलवायु परिवर्तन अनुकूलन परियोजना (LACC) | ३५०००००० | |
| | **कुल अनुमानित बजेट** | ४५३१७२९५३ | १०० |
| | **पुँजीगत तर्फः** | १६११७२९५३ | ३५.५७ |
| | **चालुगत तर्फः** | **२९२००००००** | ६४.४३ |

| | | | |
|---|---|---|---|
| **अनुसुचि-२** | | | |
| **आर्थिक वर्ष २०८२/०८३ को आय** | | | |
| **क्र.स.** | **अनुदानका शिर्षकहरु** | बजेट | कैफियत |
| १ | वित्तीय समानीकरण (संघ) | ८२८००००० | |

| | | | |
|---|---|---|---|
| २ | वित्तीय समानीकरण (प्रदेश) | ९९३६००० | |
| ३ | अनुमानित मौज्दात अल्या | १०१३९७३० | |
| ४ | आन्तरिक आम्दानी | ३८००००० | |
| | जम्मा | १०६६७५७३० | |
| | **आर्थिक वर्ष २०८2/०८3 को व्यय** | | |
| १ | वडालाई विनियोजन रकम (पुँजीगत तर्फ) | २७०००००० | |
| २ | वडालाई विनियोजन रकम (चालुगत तर्फ) | ४९५०००० | |
| ३ | समपुरक साझेदारी रकम | ३०००००० | |
| ४ | पुरानो बाँकी योजनाको भुक्तानी | १५००००० | |
| ५ | Backhoe Loader मेसिन खरिद | ४५००००० | |
| ६ | Backhoe Loader मेसिनको लागि इन्धन | १५००००० | |
| ७ | अध्यक्ष विकास कोष | ४०००००० | |
| ८ | ६ नं. वडा कार्यालयको मोटरसाइकलको बाँकी भुक्तानी | २७५७३० | |
| ९ | सवारी साधन खरिद २ वटा | ६००००० | |
| १० | च्यानडाँडा देखि कल्सेढुङ्गा सडक स्तरोउन्नति वडा नं. 3 | ४००००० | |
| ११ | कृषि विकास शाखा | १३००००० | |
| १२ | पशुपन्छी विकास शाखा | १३००००० | |
| १३ | शिक्षा युवा तथा खेलकुद शाखा | १८००००० | |
| १४ | स्वास्थ्य शाखा | १८००००० | |
| १५ | भाषा तथा कला संस्कृति | ३००००० | |
| १६ | अपाङ्गता बैठक खर्च | १५०००० | |
| १७ | महिला तथा बालबालिका जेष्ठ नागरिक शाखा | ५००००० | |
| १८ | महिला स्वास्थ्य स्वयंसेविका अवकास कोष | १००००० | |
| १९ | राष्ट्रपति रनिङ्ग शिल्ड पालिका स्तरीय अध्यक्ष कप संचालन खर्च | ८००००० | |
| २० | सामाजिक सुरक्षा तथा संरक्षण (एकल महिला, पुरुष) दर १००० | ३००००० | |
| २१ | कोटदेवल क्यापसको लागि फर्निचर खरिद | ५००००० | |
| २२ | जेहेन्दार, उत्तिपिडित, असहाय, तथा गरिब छात्रछात्राहरुलाई प्राविधिक उपाध्यक्ष छात्रवृति कार्यक्रम | ८००००० | |
| २३ | लक्षित वर्ग कार्यक्रम | १८००००० | |
| २४ | सडक मर्मत तथा सम्भारका लागि पिटौली RMP | ६००००० | |

| | | | |
|---|---|---|---|
| २५ | युवा परिषद् सञ्चालन र कार्यक्रम | २००००० | |
| २६ | सूचना प्रविधि शाखा | ५००००० | |
| २७ | कर्मचारी क्षमता विकास कार्यक्रम | १००००० | |
| २८ | पञ्जीकरण शाखा | ३००००० | |
| २९ | विपत व्वस्थापन कोष | ३००००० | |
| ३० | राहत तथा आर्थिक सहयोग | ६००००० | |
| ३१ | शान्ति तथा सुव्यवस्था (३ वटा चौकीलाई) | ४००००० | |
| ३२ | न्यायिक शाखा तथा समिति | ४००००० | |
| ३३ | सेवा परामर्श | २००००० | |
| ३४ | दैनिक भ्रमण खर्च | ९००००० | |
| ३५ | दैनिक भ्रमण खर्च (पदाधिकारी) | ९००००० | |
| ३६ | कर्मचारीहरुको निवृत्तिभरण कोष | १००००० | |
| ३७ | कर्मचारी कल्याण कोष | १००००० | |
| ३८ | दिवशीय कार्यक्रम | ४००००० | |
| ३९ | LISA, FRA, LED तर्जुमा र मध्ययमकालिन खर्च संरचना निर्माण | ३००००० | |
| ४० | प्रशासकीय सुशासन (ऐन, नियम, कार्यविधि निर्माण तथा छपाई) | ४००००० | |
| ४१ | फर्निचर तथा फिक्सिन | ३००००० | |
| ४२ | मेसिन तथा औजार खरिद | ५००००० | |
| ४३ | प्राविधिक मेसिन उपकरण खरिद | २००००० | |
| ४४ | कार्यालय सञ्चालन खर्च | १०००००० | |
| ४५ | सवारी साधन मर्मत | २०००००० | |
| ४६ | ईन्धन कार्यालय प्रयोजन | १५००००० | |
| ४७ | ईन्धन पदाधिकारी | १५००००० | |
| ४८ | सवारी साधन भाडा | २००००० | |
| ४९ | पानी विजुली | ३००००० | |
| ५० | अनुगमन तथा मुल्याङ्कन | ३००००० | |
| ५१ | इन्टरनेट | १२००००० | |
| ५२ | पत्रपत्रिका र सूचना प्रकाशन | ३००००० | |
| ५३ | छपाई | ४००००० | |
| ५४ | बैठक भत्ता | १२००००० | |
| ५५ | सभा संचालन खर्च | ४००००० | |
| ५६ | विमा तथा नविकरण | ६००००० | |
| ५७ | मेसनरी तथा औजार मर्मत संभार | ७००००० | |

| | | | |
|---|---|---|---|
| ५८ | विविध खर्च | १२००००० | |
| | **कुल जम्मा** | १०६६७५७३० | |

| | | | | |
|---|---|---|---|---|
| **अनुसूची-३** | | | | |
| **सबै वडाहरुको पुँजीगत तर्फ विनियोजन बजेटको योजना तथा बजेट बाँडफाँड** | | | | |
| **आ.व. २०८२/०८३ को वडा नं. १ को वडागत पूँजीगत अनुदान तर्फका योजना तथा कार्यक्रमहरु** | | | | |
| **क्र.स.** | **योजना तथा कार्यक्रमहरुका नामहरु** | **वडा नं.** | **बजेट** | **कै.** |
| १ | वडा नं. १ भित्र रहेका सम्पूर्ण सामुदायिक भवन मर्मत | १ | ५००००० | |
| २ | वडा नं. १ मा रहेका नयाँ सडक निर्माण स्तरोन्नती | १ | ५००००० | |
| ३ | दिगो आमा समूहको भवन निर्माण | १ | ५००००० | |
| ४ | बेलपाटा साविक ४ खानेपानी निर्माण | १ | ३५०००० | |
| ५ | वडा नं.१ मा रहेका सम्पूर्ण सामुदायिक भवनलाई फर्निचर खरिद | १ | ३००००० | |
| ६ | टारी खानेपानी | १ | २००००० | |
| ७ | कला संस्कृति तथा खेलकुद | १ | ५००००० | |
| ८ | कृषि यान्त्रिकरण तथा उपकरण खरिद | १ | ४००००० | |
| ९ | तरकारी विउविजन तथा खाद्यान्नबालि विउविजन साथै फलफुलको बोट विरूवा खरिद | १ | २००००० | |
| १० | सुनौला हजार दिनका आमा तथा बच्चाहरूलाई पोषिलो आहार कार्यक्रम | १ | १००००० | |
| ११ | आरोग्य केन्द्र औषधी, उपकरण खरिद र योगा शिक्षा | १ | १००००० | |
| १२ | स्वयंसेविका प्रोत्साहन | १ | १००००० | |
| १३ | त्रिवेणी संगम माध्यमिक विद्यालय पढ्दै कमाउँदै कार्यक्रम | १ | १००००० | |
| १४ | विपन्न तथा अपाङ्गता भएका विद्यार्थीहरूलाई शैक्षिक सामाग्री तथा पोषाक खरिद | १ | १००००० | |
| १५ | दिवसीय तथा सचेतनामुलक कार्यक्रम | १ | १००००० | |
| १६ | विपद् व्यवस्थाप | १ | १००००० | |
| १७ | चुप्रा बजार फोहोर व्यवस्थापन सडक बत्ती तथा शौचालय | १ | २५०००० | |
| १८ | साझेदारी | १ | २००००० | |
| | | **जम्मा** | ४६००००० | |
| **आ.व. २०८२/०८३ को वडा नं. २ को वडागत पूँजीगत अनुदान तर्फका योजना तथा कार्यक्रमहरु** | | | | |
| **क्र.स.** | **योजना तथा कार्यक्रमहरुका नामहरु** | **वडा नं.** | **बजेट** | **कै.** |
| १ | मुखियाटोल चौतारो तथा सामुदायिक भवन निर्माण | २ | ५००००० | |
| २ | तल्लो लाँकुरी सामुदायिक भवन निर्माण । | २ | २५०००० | |

| | | | | |
|---|---|---|---|---|
| ३ | सिर्सेनी सामुदायिक भवन निर्माण । | २ | ३००००० | |
| ४ | देबिथान मन्दिर जाने सिढी निर्माण | २ | ५००००० | |
| ५ | बडाखोला झोलुङ्गे पुल मर्मत | २ | २००००० | |
| ६ | खाडाखोला चियानघाट प्रतिक्षालय निर्माण | २ | १५०००० | |
| ९ | भैरव आ वि लाँकुरी कार्यालय ब्यवस्थापन | २ | १००००० | |
| १० | जनकल्याण मा.वि सेर्माकोट गेट तथा घेरबार निर्माण | २ | ७००००० | |
| ११ | भैरवदेवि प्रा.वि पैयाचौर कार्यालय ब्यवस्थापन । | २ | १००००० | |
| १२ | ने.रा प्रा.वि. उम कार्यालय ब्यवस्थापन । | २ | १००००० | |
| १३ | जनता प्रा.वि. तल्लो लाँकुरी कार्यालय ब्यवस्थापन । | २ | १००००० | |
| १४ | नारायण ने.रा.प्रा.वि.बिजयकोट कार्यालय ब्यवस्थापन । | २ | १००००० | |
| १५ | शिवालय प्रा.वि तिरकुले कार्यालय ब्यवस्थापन । | २ | १००००० | |
| १८ | युवा खेलकुद तथा कला संस्कृती कार्यक्रम । | २ | ४००००० | |
| १९ | गाँउ घर किल्निक पोषण कार्यक्रम पोसीलो खाजा । | २ | ८०००० | |
| २० | नर्सिङ्ग कर्मचारीलाई भिडियो एक्सरे ग्रामिण अल्ट्रासाउन्ड तालिम | २ | १००००० | |
| २२ | तरकारी विउ विजन तथा खाध्यान्न बालीको बिउ खरीद । | २ | ४००००० | |
| २३ | पशुपंक्षी औषधी रेबिज खोप तथा घाँसको बिउँ खरिद | २ | ४००००० | |
| २४ | त्रिपाल खरिद बितरण | २ | २२०००० | |
| | जम्मा | | ४८००००० | |

**आ.व. २०८२/०८३ को वडा नं. ३ को वडागत पूँजीगत अनुदान तर्फका योजना तथा कार्यक्रमहरु**

| क्र.स. | योजना तथा कार्यक्रमहरुका नामहरु | वडा नं. | बजेट | कै. |
|---|---|---|---|---|
| १ | सानोचौर खेत तटबन्धन कल्सेढुङ्गा | ३ | २००००० | |
| २ | सिमातडा डाँडाखेत हुदै कालिमुल सिचाई कुलो निर्माण | ३ | ३००००० | |
| ३ | जनक आ.वि.बाले छाना मर्मत | ३ | ३००००० | |
| ४ | मगरपानी तल्लो खत्रीटोल रेक्चा खानेपानी मर्मत | ३ | १५०००० | |
| ५ | कल्सेढुङ्गा धामीटोल सिचाई पोखरी निर्माण | ३ | ५००००० | |
| ६ | रेक्चाखोला देखि आलेडाँडा सिचाई कुलो निर्माण | ३ | ४००००० | |
| ७ | विचविन्ना सिचाई पोखरी निर्माण | ३ | ३००००० | |
| ८ | स्यान नाउली कुवा निर्माण | ३ | २००००० | |
| ९ | सनिकोट सिचाई पोखरी निर्माण | ३ | ३००००० | |
| १० | पधेरीखोला बाउनगाँउ सिचाई कुलो मर्मत | ३ | ३००००० | |
| ११ | ताउलिया मुहान बासखर्क सिचाई कुलो निर्माण | ३ | ३००००० | |

| | | | | |
|---|---|---|---|---|
| १२ | अवलपराजुल स्वास्थ्य चौकी र बाले सा.स्वा. इकाई केन्द्रमा फर्निचर खरिद | ३ | ३००००० | |
| १३ | ने.रा.प्रा.वि.चौखुडामा कार्यालय व्यवस्थापन र ल्यापटप खरिद | ३ | २००००० | |
| १४ | पाटापाटी खानेपानी निर्माण | ३ | १५०००० | |
| १५ | चौखुडा जिरो पोइन्ट सडकमा मेसिनरी वाल निर्माण | ३ | २५०००० | |
| १६ | पशु औषधि तथा फ्रिज खरिद | ३ | २५०००० | |
| | | जम्मा | ४४००००० | |

**आ.व. २०८२/०८३ को वडा नं. ४ को वडागत पूँजीगत अनुदान तर्फका योजना तथा कार्यक्रमहरु**

| क्र.स. | योजना तथा कार्यक्रमहरुका नामहरु | वडा नं. | बजेट | कै. |
|---|---|---|---|---|
| १ | सीता जनसहयोग माध्यामिक विद्यालयमा झ्याल पल्लाह जडान | ४ | १०००००० | |
| २ | निर्माण सामाग्री खरिद (ग्याविन जालि खरिद तथा भरन) | ४ | ५००००० | |
| ३ | उद्धम व्यवसायीहरुको लागि आय आर्जन योजना (आरन, छाला जुत्ता, कपडा सिलाई) | ४ | ५००००० | |
| ४ | लाखुरा मन्दिर तथा मष्टा मन्दिर प्रतिक्षालय निर्माण | ४ | ८००००० | |
| ५ | वडा भित्रका खानेपानी निर्माण तथा मर्मत योजना | ४ | ५००००० | |
| ६ | खेलकुद, कलासंस्कृती संरक्षण, प्रोत्साहन तथा वडा कार्यालय व्यवस्थापन | ४ | ५००००० | |
| ७ | जय जनता प्रा.वि साल्टुडा मौवाको पर्खाल तथा फिल्ड निर्माण | ४ | ५००००० | |
| | | जम्मा | ४३००००० | |

**आ.व. २०८२/०८३ को वडा नं. ५ को वडागत पूँजीगत अनुदान तर्फका योजना तथा कार्यक्रमहरु**

| क्र.स. | योजना तथा कार्यक्रमहरुका नामहरु | वडा नं. | बजेट | कै. |
|---|---|---|---|---|
| १ | तिदुगैरा सिचांई कुलो निर्माण | ५ | ३००००० | |
| २ | पाननाउला शिव मन्दिर प्रतिक्षालय निर्माण | ५ | ३००००० | |
| ३ | सुवाकाटिया सिचांई योजना निर्माण | ५ | २००००० | |
| ४ | तल्लो वर्जिया खेतमा सिचांई पोखरी निर्माण | ५ | ३००००० | |
| ५ | सिम प्रतिक्षालय निर्माण | ५ | २५०००० | |
| ६ | लिम्सीया सिचाई पोखरी मर्मत | ५ | १००००० | |
| ७ | तिदुडाडाँ सिचांई पोखरी निर्माण | ५ | ३००००० | |
| ८ | आरुखर्क देखि सरस्वती प्रा वि सम्म खानेपानी मर्मत | ५ | ३००००० | |
| ९ | सुर्य ज्योती चर्च निर्माण तथा ब्यबस्थापन | ५ | १५०००० | |
| १० | टमाटा टोल खानेपानी निर्माण | ५ | १००००० | |
| ११ | हरिकेशर लालचना घरमा खानेपानी निर्माण | ५ | १५०००० | |

| | | | | |
|---|---|---|---|---|
| १२ | डाँडापराजुल स्वास्थ्य चौकीको एकिकृत विकास कार्यक्रम | ५ | ३००००० | |
| १३ | शिव मन्दिर पोखरीपाटा शौचालय निर्माण | ५ | १५०००० | |
| १४ | नारायण प्रा वि पोखरीपाटा २ कोठे भवन मर्मत | ५ | २००००० | |
| १५ | क्षेत्रपाल मस्ट मन्दिर निर्माण | ५ | २५०००० | |
| १६ | कमल जैसी बर्मा मन्दिर घेरावार निर्माण | ५ | १००००० | |
| १७ | कोइरालखोला सामूदायिक भवन निर्माण | ५ | ३००००० | |
| १८ | ओखरपाटा सामूदायिक भवन मर्मत तथा ब्यबस्थापन | ५ | १५०००० | |
| १९ | भैरवस्थान देखि डाडाँपराजुल स्वास्थ्य चौकी जोड्ने शहरी सडक स्तरउन्नती | ५ | ३००००० | |
| २० | मटेला आर्यघाट निर्माण | ५ | २००००० | |
| | | जम्मा | ४४००००० | |

**आ.व. २०८२/०८३ को वडा नं. ६ को वडागत पूँजीगत अनुदान तर्फका योजना तथा कार्यक्रमहरु**

| क्र.स. | योजना तथा कार्यक्रमहरुका नामहरु | वडा नं. | बजेट | कै. |
|---|---|---|---|---|
| १ | मुलपानी र वडा खेत सिचाइ कुलो निर्माण | ६ | ४५०००० | |
| २ | सरस्वति मावि मगर भाषा शिक्षण | ६ | ३००००० | |
| ३ | धारिपिपल देखि स्वति पिपल र सल्लाघारी देखि पीपल धारा सम्म सडक निर्माण | ६ | ५००००० | |
| ४ | वडा कार्यालयमा मोटर साइकल खरिद | ६ | ३२५००० | |
| ५ | सरस्वति मावि शैक्षिक सामाग्री र व्यवस्थापन | ६ | २५०००० | |
| ६ | कृषिमा ग्रिनहाउस र उपकरण खरिद | ६ | ५००००० | |
| ७ | वडा कार्यालयमा फर्निचर र ल्यापटप खरिद | ६ | ५००००० | |
| ८ | पशुपन्छि औषधि र तरकारी विउ खरिद | ६ | ४००००० | |
| ९ | स्वास्थ्य व्यवस्थापन र पोषण कार्यक्रम खानिचौर क्लिनिक मर्मत | ६ | २००००० | |
| १० | पाइप र त्रिपाल खरिद | ६ | २५०००० | |
| ११ | आग्र ठुलो धारा मुहान संरक्षण योजना | ६ | ४००००० | |
| १२ | ज्यामिरे धारखोला सिचाई मर्मत | ६ | ३००००० | |
| १३ | खेलकुद तथा चार्ड पर्व | ६ | १२५००० | |
| | | जम्मा | ४५००००० | |

**अनुसुचि-४**

**सबै वडाहरुको चालुगत तर्फ विनियोजन बजेटको योजना तथा बजेट बाँडफाँड**

**आ.व. २०८२/०८३ को वडा नं. १ को वडागत चालुगत अनुदान तर्फका योजना तथा कार्यक्रमहरु**

| क्र.स. | योजना तथा कार्यक्रमहरुका नामहरु | वडा नं. | बजेट | कै. |
|---|---|---|---|---|
| १ | बैठक भत्ता | १ | २७०००० | |
| २ | फोटोकपि मेसिन | १ | ४०००० | |
| ३ | अतिथि सत्कार | १ | ५०००० | |
| ४ | बस्तुचित्र | १ | ५०००० | |
| ५ | इन्धन | १ | ५०००० | |
| ६ | भम्रण | १ | ३०००० | |
| ७ | मसलन्ध | १ | १५०००० | |
| ८ | कार्यालय फर्निचर तथा मर्मत | १ | ५०००० | |
| ९ | सुत्केरी भएका महिलाहरुको लागि खाना | १ | २०००० | |
| १० | अपाङ्गता भएका व्यक्तिहरुको स्वाबलम्बन समूहहरुको विधान दर्ता | १ | १०००० | |
| ११ | खाजा नास्ता | १ | ८०००० | |
| १२ | विविध | १ | ५०००० | |
| जम्मा | | | ८५०००० | |

आ.व. २०८२/०८३ को वडा नं. २ को वडागत चालुगत अनुदान तर्फका योजना तथा कार्यक्रमहरु

| क्र.स. | योजना तथा कार्यक्रमहरुका नामहरु | वडा नं. | बजेट | कै. |
|---|---|---|---|---|
| १ | वडा समिचिको बैठक भत्ता | २ | ३२४००० | |
| २ | मसलन्ध तथा कार्यालय संचालन खर्च | २ | २००००० | |
| ३ | मेसिनरी तथा सवारी साधन मर्मत खर्च | २ | ८०००० | |
| ४ | इन्धन खर्च | २ | ८०००० | |
| ५ | भ्रमण खर्च | २ | ५०००० | |
| ६ | विविध खर्च | २ | ११६००० | |
| | | जम्मा | ८५०००० | |

आ.व. २०८२/०८३ को वडा नं. ३ को वडागत चालुगत अनुदान तर्फका योजना तथा कार्यक्रमहरु

| क्र.स. | योजना तथा कार्यक्रमहरुका नामहरु | वडा नं. | बजेट | कै. |
|---|---|---|---|---|
| १ | वडा समितिको बैठक भत्ता | ३ | ३२४००० | |
| २ | मसलन्द तथा कार्यालय सामाग्री | ३ | १३०००० | |
| ३ | सवारी साधन मर्मत खर्च | ३ | ६०००० | |

| | | | | |
|---|---|---|---|---|
| ४ | मेशिनरी तथा औजार मर्मत -ल्यापटप डेस्टप र प्रिन्टर_ | ३ | ३०००० | |
| ५ | इन्धन -पदाधिकारी र कार्यालय प्रयोजन_ | ३ | ७०००० | |
| ६ | भ्रमण खर्च | ३ | ७५००० | |
| ७ | पानी तथा विजुली | ३ | २०००० | |
| ८ | विविध | ३ | ९१००० | |
| | | जम्मा | ८००००० | |
| **आ.व. २०८२/०८३ को वडा नं. ४ को वडागत चालुगत अनुदान तर्फका योजना तथा कार्यक्रमहरु** | | | | |
| **क्र.स.** | **योजना तथा कार्यक्रमहरुका नामहरु** | **वडा नं.** | **बजेट** | **कै.** |
| १ | बैठक भत्ता | ४ | ३२४००० | |
| २ | मसलन्द तथा कार्यालय सामाग्री | ४ | १५०००० | |
| ३ | इन्धन खर्च | ४ | ६०००० | |
| ४ | मेसिनरी सवारी साधन मर्मत | ४ | ६०००० | |
| ५ | भ्रमण खर्च | ४ | ३६००० | |
| ६ | ल्याबटप खरिद | ४ | ८०००० | |
| ७ | विविध खर्च | ४ | ९०००० | |
| | | जम्मा | ८००००० | |
| **आ.व. २०८२/०८३ को वडा नं. ५ को वडागत चालुगत अनुदान तर्फका योजना तथा कार्यक्रमहरु** | | | | |
| **क्र.स.** | **योजना तथा कार्यक्रमहरुका नामहरु** | **वडा नं.** | **बजेट** | **कै.** |
| १ | बैठक भत्ता | ५ | ३१०००० | |
| २ | कार्यालय संचालन तथा मसलन्द खर्च | ५ | १९०००० | |
| ३ | इन्धन खर्च | ५ | ७०००० | |
| ४ | भ्रमण तथा अनुगमन खर्च | ५ | ५०००० | |
| ५ | पानी बिजुली तथा संचार | ५ | २५००० | |
| ६ | मर्मत सम्भार खर्च | ५ | ४५००० | |
| ७ | विविध खर्च | ५ | ११०००० | |
| | | जम्मा | ८००००० | |
| **आ.व. २०८२/०८३ को वडा नं. ६ को वडागत गत अनुदान तर्फका योजना तथा कार्यक्रमहरु** | | | | |
| **क्र.स.** | **योजना तथा कार्यक्रमहरुका नामहरु** | **वडा नं.** | **बजेट** | **कै.** |
| १ | बैठक भत्ता बापत | ६ | ३२४००० | |

| | | | | |
|---|---|---|---|---|
| २ | कार्यालय मसलन्ध खर्च | ६ | १९०००० | |
| ३ | दैनिक भ्रमण भत्ता | ६ | ७०००० | |
| ४ | मर्मत | ६ | ६०००० | |
| ५ | इन्धन | ६ | ९०००० | |
| ६ | पानी विजुली | ६ | ३६००० | |
| ७ | विविध | ६ | ८०००० | |
| | | जम्मा | ८५०००० | |

| अनुसूची-५ | | | |
|---|---|---|---|
| अध्यक्ष कोष योजना तथा बजेट बाँडफाँड | | | |
| **क्र.स.** | **योजना तथा कार्यक्रमहरुका नामहरु** | **बजेट** | **कै.** |
| १ | खानेपानी तथा सरसफाई, शिक्षा र स्वास्थ्य | ७००००० | |
| २ | आर्गानिक दिवा खाजा कार्यक्रम(शिक्षा) | २५०००० | |
| ३ | सिचाई तथा पोखरी निर्माण | ७००००० | |
| ४ | अधुरा सडक निर्माण | ६००००० | |
| ५ | कला संस्कृति तथा उत्थान तथा संरक्षण | ३००००० | |
| ६ | सरोकारवालासँग जनप्रतिनिधि कार्यक्रम | ३००००० | |
| ७ | अग्रेजी भाषा शिक्षण शिक्षक तालिम (१-५) | २५०००० | |
| ८ | लक्षित वर्ग कार्यक्रम | २००००० | |
| ९ | विपद व्यवस्थापन कोष | २००००० | |
| १० | अध्यक्ष कप सञ्चालन | ५००००० | |
| | जम्मा | ४०००००० | |

| अनुसूची-६ | | | |
|---|---|---|---|
| आर्थिक वर्ष २०८२/०८३ को राजश्व तर्फको आय | | | |
| **क्र.स.** | **अनुदानका शिर्षकहरु** | **बजेट** | **कैफियत** |
| १ | राजस्व बाँडफाड (संघीय) | ७५७००००० | |
| २ | राजस्व बाँडफाड (प्रदेश) | १५००२२३ | |
| | **अनुमानित जम्मा बजेट** | **७७२००२२३** | |
| आर्थिक वर्ष २०८२/०८३ को राजश्व तर्फको व्यय | | | |
| १ | स्थायी कर्मचारी तलब भत्ता | ३२७००००० | |

| | | | |
|---|---|---|---|
| २ | नगर प्रहरी तलब भत्ता र पोषक | १२००००० | |
| ३ | कृषि प्रविधिक गाउपालिका | १२००००० | |
| ४ | सामाजिक सुरक्षा कट्टी कोष | ५००००० | |
| ५ | एक गाँउ एक प्रविधिक | ५२५००० | |
| ६ | गरिब सँग बिश्वश्वर | १७२५०० | |
| ७ | प्रधानमन्त्रि रोजगार | १०००००० | |
| ८ | मालि वडा नं. २ र ४ | ४५०००० | |
| ९ | विधुत रिडर | २१२००० | |
| १० | सवारी चालक | १४७६००० | |
| ११ | सवारी चालक र सहचालक तलब | ८७१००० | |
| १२ | स्वास्थ्य अनमि अहेब ल्याव कास स्वीपर | ४९२२००० | |
| १३ | पञ्जीकरण अपरेटर र सहायक | ४६९६०० | |
| १४ | स्विपर | १३४२००० | |
| १५ | स्वास्थ्य कास | १३२४५०० | |
| १६ | सुचना प्रविधि अधिकृत (तलब भत्ता, स्थानीय भत्ता, महङ्गी भत्ता, पोशाक, सामाजिक सुरक्षा कोष कट्टी) | ५००००० | |
| १७ | बहुक्षेत्रिय पोषण | १८९००० | |
| १८ | गाउँपालिका र वडा करार कर्मचारीहरु | ६५८८५०० | |
| १९ | जनप्रतिनिधिको सेवा सुविधा | ४७००००० | |
| २० | कृषि विज्ञ | ६००००० | |
| २१ | नागरिक आर्येग्य केन्द्र का.स. तलब | २५०००० | |
| २२ | स्वास्थ्य स्वयम सेविका खाजा खर्च | ५६०००० | |
| २३ | गाउँपालिका अनुदान शिक्षक कर्मचारी सका सिकाई केन्द्र | १५४४८१२३ | |
| | जम्मा तलब बार्षिक | ७७२००२२३ | |

अनुसूची-७

आर्थिक २०८१०८२ को कर्णाली प्रदेश सरकारबाट हस्तान्तरित ससर्त अनुदानको कार्यक्रम तथा बजेटहरु

| क्र. सं. | **आयोजना/कार्यक्रम** | **बजेट** | **कैफियत** |
|---|---|---|---|
| १ | अलैचिबारी खेत सिँचाई कुलो निर्माण, डुङ्गेश्वर गाउँपालिका, वडा नं. ३, दैलेख | १५००००० | |
| २ | वैशरुख विच्पन्ना खोला खानेपानी टैङ्की तथा सिँचाई पोखरी निर्माण, डुङ्गेश्वर गाउँपालिका, वडा नं. ४ दैलेख | १५००००० | |
| ३ | अचैलीबारी देखि साइपेडाँडा सम्म सिंचाई कुलो निर्माण, डुङ्गेश्वर गाउँपालिका, वडा नं. ५. दैलेख | १५००००० | |

| | | | |
|---|---|---|---|
| ४ | समजि मन्दिर पर्यटकीयस्थल जाने सिँडी निर्माण तथा घेरबार, डुङ्गेश्वर गाउँपालिका, वडा नं. १. दैलेख | १५००००० | |
| ५ | लेखालडाँडा पर्यटकीय स्थल जाने सिँडी तथा प्रतिक्षालय निर्माण, डुङ्गेश्वर गाउँपालिका, वडा नं. २ दैलेख | १५००००० | |
| ६ | पराजुलीखोला खैरेनी तटबन्धन योजना, डुङ्गेश्वर गाउँपालिका, बडा नं. ६. दैलेख | १५००००० | |
| ७ | वडा नं.१. को कार्यालयको तला थप भवन निर्माण | १५००००० | |
| ८ | धारखोला लटाली खानेपानी योजना मर्मत डुङ्गेश्वर ६ | १५००००० | |
| ९ | घोडाबास देखि भित्रि खोला गोगनपानी गुराँस ४ जोड्ने सडक | १५००००० | |
| १० | डुङ्गेश्वर गाउँपालिका ३ देखि केल्सेढुङ्गा माथि सडक अधुरो पुरा गर्न डुङ्गेश्वर ३ | १५००००० | |
| ११ | लटाली सम्मचौर देखि टुनीको रुख नजिक खर्चेटिमेला देउराली कालापुलिया असोजे हुदै भलाय डाँडा कृषि सडक निर्माण | १५००००० | |
| १२ | डुङ्गेश्वर गापा १ चुप्रामा आर्यघाट तथा प्रतिक्षालय निर्माण | १५००००० | |
| १३ | श्री सीता जनसहयोग मावि अवलपराजुल घेरावार निर्माण डुङ्गेश्वर ४ दैलेख | १५००००० | |
| १४ | कर्णाली प्रदेश सरकारको सुत्केरी पोषण कोपेली कार्यक्रम | ४१३००० | |
| १५ | स्वास्थ्य स्वयंमसेविकाहरुलाई प्रोत्साहन भत्ता | ६८४००० | |
| १६ | सामुदायिक स्वास्थ्य इकाई, शहरी स्वास्थ्य, बर्थिङ सेन्टर सुधार बाउलेचौर सा.स्वा.ई. डुङ्गेश्वर ४ | ३००००० | |
| | जम्मा | २०८९७००० | |
| | प्रदेश सरकार बिशेष अनुदान तर्फः | | |
| १ | पीपल चौतारा मा वि को ४ कोटे भवनको तना थप तथा घेरवार पर्खाल निर्माण वडा नं. ५ | ४०००००० | |
| २ | जीवन ज्योति आधारभूत विद्यालय आाग्र ज्यामिरे भवन निर्माण बड़ा नं. ६ | ५०००००० | |
| | जम्मा | ९०००००० | |
| | प्रदेश सरकार समपूरक अनुदान तर्फः | | |
| १ | जनक आ.वि. ६ कोठे भवन निर्माण तथा घेरबार डुङ्गेश्वर-३ | ९०००००० | |
| २ | विउराखेत देखि भवानी प्रा वि हुँदै कोटदेवल क्याम्पससम्म मोटरबाटो स्तरोन्नती डुङ्गेश्वर ४ | ११०००००० | |
| | जम्मा | २००००००० | |
| | कुल जम्मा | ४९८९७००० | |

**अनुसूचि-८**

**जलवायु परिवर्तन अनुकूलन परियोजना (LACC) बाट साझेदारीमा संचालन हुने योजनाहरु**

**वडा तथा बस्तिस्तरबाट दात्री निकायमा प्रस्ताब गर्न प्राथमित्ता भै आएका योजनाहरु**

| क्र.स. | योजनाको नाम | वडा नं. | टोल समुदाय | योजनाको प्रकार | लाभान्वित घर संख्या | लाभान्वित जनसंख्या | कैफियत | |
|---|---|---|---|---|---|---|---|---|
| १ | लाप्का खानेपानी तथा सरसफाई योजना | १ | काफलसैनी ,डाडाथर ,बिलबाटा | खानेपानी | १४६ | ७३० | | १ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | बागखोरपैरो नियन्त्रण (बायो इन्जिनीरिंग ,तटबन्ध ) | १ | बागखोर | तटबन्ध बायोइन्जिनीरिंग | ५१ | २५५ | | २ |
| ३ | बर्को डाडा सिचाई पोखरी | १ | बर्को डाडा | सिचाई | १२ | ६० | | ३ |
| ४ | बेलपाटा खानेपानी योजना | १ | बेलापाटा | खानेपानी | १४ | ७० | | ४ |
| ५ | कृषि उपज संकलन केन्द्र | २ | देउली | जीविकोपार्जन | ५० | २५० | | १ |
| ६ | पोली हाउस निर्माण | २ | उमा र सेर्मकोट | जीविकोपार्जन | १० | ५० | | १ |
| ७ | सामुदायिक बनमा आयआर्जन ( ओखर,टिमुर, पुनार्भारण पोखरी ) | २ | लाकुरी | कृषि बन | १५० | ७५० | | १ |
| ८ | बडा खोला मुखिया टोल खानेपानी बहुउपयोगी | २ | मुखिया टोल | खानेपानी | ४२ | २१० | | १ |
| ९ | खंग्रा देउती खोला खानेपानी बहुउपयोगी | २ | मथिलू दलित बस्ति | खानेपानी | ३० | १५० | | २ |
| १० | रातामाटा लिफ्तिंग खानेपानी योजना | ३ | रातमाट | खानेपानी | २६ | १३० | | १ |
| ११ | क्रिकीट्टा बांगेतिदु तटबन्ध र बायो इन्जिनीरिंग | ३ | हनेटा | तटबन्ध बायोइन्जिनीरिंग | २४० | १२०० | | १ |
| १२ | पोली हाउस निर्माण | ३ | हनेटा | जीविकोपार्जन | २० | १०० | | १ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १३ | बडाधारा सिचाई कुलो | ३ | भुसाल डाडा | सिचाई | २५ | १२५ | | २ |
| १४ | कबेरे बहुउपयोगी ( खानेपानी +पोखरी सिचाई ) | ३ | कबेरे | बहुउपयोगी ( खानेपानी ) | २६ | १३० | | ३ |
| १५ | पधेरिखोला तटबन्धन बायो इन्जिनीरिंग | ३ | चौखुडा पहिरो | तटबन्धन | ४५ | २२५ | | १ |
| १६ | जलबायु स्मार्ट नमुना बिद्यालय | ३ | हनेटा | बिद्यालय वास | ३५० | १७५० | | |
| १७ | सामुदायिक बन बिकास आयआर्जन र जिबिको पार्जन | ३ | वार्ड भित्राका सामुदैक बन क्षेत्र | कृषि बन | २५० | १२५० | | |
| १८ | ठुलोधारा सैनी लिफ्टिंग खानेपानी योजना | ४ | सैनी | खानेपानी | ५० | २५० | | १ |
| १९ | बिउराखेत बिस्तार तटबन्ध / सेरा तटबन्धन | ४ | सेरा | तटबन्ध | ३० | १५० | | २ |
| २० | जुवाली कुण्ठा कोलगाडा लिफ्टिंग खानेपानी | ४ | जुवाली | खानेपानी | ७० | ३५० | | ३ |
| २१ | तुसार्पानी सिम्खेत तटबन्ध | ४ | तुसार्पानी | तटबन्ध | ३२ | १६० | | ४ |
| २२ | मजाउ तटबन्धन | ४ | | | ४५ | 225 | | |
| २३ | अलैची बारी तटबन्धन | ४ | | | ३० | 150 | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २४ | सामुदायिक बन टिमुरखेती पर्बधन | ५ | भित्रिखोला | कृषि बन | ७२ | ३६० | | १ |
| २५ | ठोकरेखोला नयाबस्ती तटबन्ध | ५ | नयाबस्ती | तटबन्ध | ३५ | १७५ | | २ |
| २६ | ह्याउकी पान नौला सिचाई कुलो | ५ | पानि नौला | सिचाई | १७ | ८५ | | ३ |
| २७ | मल्लो घट्ट निमाडा तटबन्धन | ५ | आउल | तटबन्ध | ३२ | १६० | | ४ |
| २८ | बडाखेत सिचाई योजना | ६ | बदाखेत | सिचाई | ९ | ४५ | | ३ |
| २९ | भैरिखोला रिठा पाडुला सिचाई ( बहुउपयोगी ) | ६ | पादुला | सिचाई | ७० | ३५० | | १ |
| ३० | भडार खोला तटबन्ध | ६ | भड़ार खोला | तटबन्ध | २९ | १४५ | | २ |